लुम्बिनी सांँस्कृतिक नगरपालिका
नगरकार्य पालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल, लुम्बिनी, रुपन्देही

फोनः ०७१–५८०३०५, फ्याक्सः ०७१-५८०३५०

E-mail: lumbiniculturalmunicipality@gmail.com
Website: www.lumbinisanskritikmun.gov.np


# लुम्बिनी सांँस्कृतिक नगरपालिकाको
# प्रमुख कार्य तथा उपलब्धिहरु
# २०७९



## लुम्बिनी सांँस्कृतिक नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही

लुम्बिनी प्रदेश नेपाल

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको

# प्रमुख कार्य तथा उपलब्धिहरू

## लुम्बिनी साँस्कृतिक नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

लुम्बिनी, रूपन्देही

लुम्बिनी प्रदेश नेपाल

# प्रमुख कार्य तथा उपलब्धिहरु प्रतिवेदन तयारी एवं प्रकाशन समिति

### प्रमुख संरक्षक
**श्री सजरुद्दिन मुसलमान (नगर प्रमुख)**

### संरक्षक
**श्री कल्पना हरिजन नगर (उप–प्रमुख)**

### संयोजक
**श्री भूपेन्द्र पाण्डेय (प्रमुख प्रशासकीय अधिकृत)**

### सदस्यहरू
श्री रामचन्द्र अर्याल (लेखा अधिकृत)
श्री तुलसीराम लामिछाने (समवन्य अधिकृत)
श्री शोभाखर पौडेल (प्रशासन शाखा प्रमुख)
श्री आशिष यादव (इन्जिनियर)
श्री रोशन घिमिरे (योजना शाखा प्रमुख)
श्री फणिन्द्र कुमार पाल (कम्प्युटर अपरेटर)
श्री डब्लु कुमार हरिजन (राजश्व शाखा प्रमुख)


## लुम्बिनी साँस्कृतिक नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
लुम्बिनी, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

E-mail: lumbiniculturalmunicipality@gmail.com
Website: www.lumbinisanskritikmun.gov.np

# नगर प्रमुखको सन्देश



हाम्रो देश नेपाल, नेपालको संविधानले परिकल्पना गरे जस्तै बहुभाषिक, बहुजातिय, बहुसाँस्कृतिक बहुधार्मिक एवम् विविधता युक्त देश हो । यस लुम्बिनी साँस्कृतिक नगरपालिकाले पनि त्यो गौरवलाई अनुशरण गर्ने अवसर प्राप्त गरेको छ । विभिन्न कालखण्डमा भएका राजनितिक परिवर्तनले हाल नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा स्थापित हुन पुगेको छ । यसै सन्दर्भमा संघ, प्रदेश र स्थानिय गरी तीन तहको शासकिय व्यवस्थाको प्रबन्ध सरकारले गरेको छ । यसको मुल ध्येय भनेको जनताको घरदैलोमा नै सरकार र सेवा हो । जनताको नजिकबाट प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्नु नै स्थानीय सरकारको मुल मर्म हो । चुनाबको चरणमा जनता समक्ष गरेका प्रतिबद्धता र आम जनताका आवश्यकतालाई सार्वजनिक सेवा प्रवाहमा सहभागी गराई समतामुलक र सहभागितामुलक विकास आजको आवश्यकता हो । स्थानीयस्तरमा रहेका आम नागरिकहरूको आवश्यकता पुरा गर्न अन्तरसरकार समन्वयको आवश्यकता ठानी त्यो पूरा गर्न र सो अनुसारका कार्यक्रम बनाई लागु गर्न सिंगो नगरपालिका कटिबद्ध रहेको छ । स्थानीय सरकार गठन भएको पाँच वर्ष पूरा भई छैठौं वर्षमा लागेको छ । निर्वाचित पदाधिकारीहरूको पहिलो पाँच बर्षे कार्यकाल समाप्त भई दोस्रो कार्यकालको शुरुवात भएको छ । पहिलो पाँच वर्षको अवधिमा विभिन्न विकासका कामहरू भएता पनि जनताका असिम आवश्यकतालाई मध्यनजर गरी निशपक्ष रूपमा समानुपातिक र समतामुलक विकास गर्नु आजको आवश्यकता रहेको मैले बुझेको छु । भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी पर्यटकीय हिसाबले पनि उत्तिकै महत्वपूर्ण रहेको छ । नेपालको पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य वातावरण र खेलकुद लगायतको क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभव आदानप्रदान गर्ने बुद्धको शान्तिको सन्देश विश्वभर फैलाउने नगरपालिकाको नीति र उद्देश्य अनुसार राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थागत सम्बन्ध बिस्तार गर्दै एउटा असल पद्धतिको शुरुवात गरी नगरपालिका अघि बढिरहेको छ । नगरपालिकाको समग्र विकासलाई गति दिने र व्यवस्थित नगरविकासको अवधारणाप्रति हामी प्रतिबद्ध छौं । यिनै कुराहरूलाई मध्यनजर गरी आ.व २०७९/८० को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ । "शुद्ध बुद्ध ऋषि मन, समृद्ध नगर सुखी नगरबासी हाम्रो अभियान" भन्ने नारालाई साकार पार्न नगरपालिकाको एकल प्रयत्नले मात्र संभव हुँदैन । विकासलाई दीगो बनाउन तथा विकासको प्रतिफललाई सबै नगरबासी समक्ष पुऱ्याउन सबै पक्षको अहम् भूमिका रहन्छ । जसको लागि सबै नगरबासीको सक्रिय, अर्थपूर्ण र रचनात्मक सहयोगको अपेक्षा गरेका छौं ।

धन्यवाद ।

**सजरुद्दिन मुसलमान**
**नगर प्रमुख**

# नगर उप–प्रमुखको मन्तव्य



विश्व शान्तिको मुहान, भगवान गौतम बुद्धको जन्मस्थल, अन्तर्राष्ट्रिय महत्व बोकेको ठाउँ, साँस्कृतिक नाम जोडिएको नेपालको एकमात्र नगरपालिकाको रूपमा यस लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको छ। स्थानीय तहको दोस्रो चरणको निर्वाचन भई निर्वाचित जनप्रतिनीधिहरू आइसकेपछिको अवस्थामा यहाँका अवसर, समस्या, चुनौती तथा यहाँको जनताको अपेक्षाको बारेमा समेत अनुभव हासिल अवसर प्राप्त भएको अवस्था छ। नेपालको संविधान, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा लुम्बिनी साँस्कृतिक नगरपालिकाले पारित गरेका विभिन्न ऐन, कानुन र कार्यविधिहरू समेतको मर्मलाई आत्मसात गरी यो नगरसभा सम्पन्न भइसकेको छ। भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदामा सुचिकृत शान्ति क्षेत्र, धार्मिक एवम पर्यटकीय स्थल भएको हुँदा अन्तर्राष्ट्रिय संस्थागत सम्बन्ध बिस्तार गरी सहयोग र अनुभव आदानप्रदान गर्ने बुद्धको शान्तिको सन्देश विश्वभर फैलाउने नगरपालिकाको नीति र उद्देश्य अनुसार नगरपालिका अघि बढिरहेको छ। नगरपालिकाको सीमित साधन र श्रोत तर बढ्दो जनअपेक्षा, आकांक्षा र चाहना बीच तादात्म्यता कायम गर्दै विकासका प्रयासहरूलाई थप सहभागितामूलक र सन्तुलित बनाउन निश्चय पनि चुनौतीहरू छन्। तथापि कतिपय सीमाहरूलाई मध्येनजर गर्दै जनअपेक्षा अनुरूप अगाडि बढ्ने प्रयासमा छौं। यस नगर क्षेत्रमा भएका कृषि, पर्यटन, पूर्वाधार लगायत विभिन्न सम्भावित क्षेत्रहरूको खोजी गरी तत् तत् क्षेत्रलाई आवश्यकताको आधारमा प्राथमिकीकरण गरी बजेट विनियोजन गरिएको छ। यहाँका बासिन्दाको जीवनस्तर सुधार गरी क्षेत्रगत र सन्तुलित विकासको प्रतिफल आम लुम्बिनी साँस्कृतिक बासीमा पुऱ्याई विकासको क्रममा पछि परेका सबै वर्ग, समुदायलाई विकासको मूलप्रवाहमा प्रवाहीकरण गरी समुन्नत नगरपालिकाको स्थापनामा टेवा पुऱ्याउन सामाजिक एकता मजबुत बनाउँदै सामूहिक हित प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरूलाई महत्व दिइएको छ। अन्त्यमा, नगरसभासम्म आइपुग्न प्रत्यक्षपरोक्ष रूपमा सहयोग गर्ने नगरप्रमुख एवं नगरसभाका सम्पूर्ण सदस्यहरू, विभिन्न विषयगत समितिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू, विभिन्न राजनैतिक दलका प्रतिनीधिहरू, सञ्चारकर्मी लगायत, आम लुम्बिनी साँस्कृतिक बासी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु। एकल प्रयासबाट विकासको प्रतिफल हासिल गर्न असंभव हुने भएकोले यहाँहरूको साथ, सहयोग, सल्लाह र सुझाव निरन्तर रूपमा प्राप्त हुनेछन् भन्ने अपेक्षा गर्दछु। साथै नगरको समग्र विकासका लागि समन्वय, सहकार्य र सह अस्तित्वको सिद्धान्तलाई आत्मसात गर्ने बचनबद्धतासहित बजेटको उपलब्धीमूलक, सारभुत र सहभागितामुलक रूपमा कार्यान्वयन हुनेछ भन्ने अपेक्षा गर्दछु।

धन्यवाद।

**कल्पना हरिजन**
**नगर उपप्रमुख**

# भूमिका

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल सङ्घ प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय संरचनामा आधारित रहेको छ। नेपालको संविधानले ऐतिहासिक रूपमा स्थानीय तहलाई विधायकी, कार्यकारिणी र न्यायिक अधिकार प्रदान गरेको छ। नेपालको स्थानीय सरकारको विशिष्ट मौलिक चरित्र र विशेषताहरू रहेका छन्। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई संस्थागत गर्दै यसबाट सिर्जित लाभ र अवसरहरू जनताको घरदैलोसम्म पुऱ्याउनको लागि स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। सन्निकटताको सिद्धान्तमा आधारित रहेर जनतालाई सुशासन, विकास र सेवा प्राप्तिको सुखद अनुभूति गराउनु स्थानीय सरकारको मूलभूत र प्राथमिक दायित्व हो। लुम्बिनी साँस्कृतिक नगरपालिका यसै युगीन दायित्वलाई बोध गर्दै जनताको इच्छा, आकांक्षा र आवश्यकतालाई सम्बोधन गरिरहेको छ। नागरिकको विकासप्रतिको उर्लंदो आकांक्षा तथा नगरपालिकाको सीमित स्रोतसाधन बीच तादात्म्यता कायम गर्नु चुनौतीपूर्ण रहेको छ। तथापि नगरपालिकाको सीमित श्रोत र साधनको महत्तम परिचालन गरेर नागरिकलाई विकास र सेवा प्रवाहको कार्य भइरहेको छ।

नगरपालिकाको आन्तरिक स्रोतको न्यूनता, नागरिक चेतनाको कमी, जनप्रतिनिधिमा अनुभवको कमी तथा नागरिकप्रतिको सम्वेदनशीलता र जवाफदेहिताको अभाव, जनशक्ति र कानुनको अपर्याप्तता, पदाधिकारी र कर्मचारीमा संघीयता र विकासको अवधारणागत बुझाईको कमीका कारण नगरपालिका स्थापना भएको नौ वर्षसम्म पनि विकासको अपेक्षित गति र दिशा प्राप्त गर्न सकेको छैन। विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को प्रकोप तथा आन्तरिक राजनीतिक गतिरोधका कारण लामो समय नगरपालिका अल्पविकासको बन्धक बन्यो। नगरपालिकाले तय गरेका लक्ष्य र उद्देश्य प्राप्ति माथि तुषारापात मात्र भएन, नागरिकहरू समेत विकासको अधिकारबाट बञ्चित भए। अझैपनि कतिपय जनप्रतिनिधि र कर्मचारीले विकास र परिवर्तनको गतिशीलतालाई आत्मसात गर्न नसक्दा यदाकदा विकास निर्माणमा समस्याहरू उत्पन्न हुने गरेका छन्। तथापी, नगरपालिकाले यस अवधिमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई एवं भौतिक पूर्वाधार विकासको क्षेत्रमा आशातीत उपलब्धिहरू हासिल गरेको छ। यसमा आम नगरवासी, जनप्रतिनिधि, कर्मचारी, संघसंस्था तथा नागरिक समाजको अमूल्य योगदान रहेको छ। नागरिकको आशा र उत्साहलाई यथार्थमा परिणत गर्नेतर्फ नगरपालिका अग्रसर रहेको छ।

नगरपालिकाले संघीय तथा प्रादेशिक योजनासँग तादाम्यता कायम गर्दै स्थानीय नागरिकको आवश्यकता र चाहना समेतलाई मध्यनजर गरेर नेपालको संविधान, दिगो विकास लक्ष्य, १५ औं योजना, नगरपालिकाको आवधिक योजना तथा स्थानीय सरकार सञ्चालन ऐनले मार्गनिर्देश गरेबमोजिम आर्थिक वर्ष ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट तय गरेको

छ। कृषि, पर्यटन र पूर्वाधार समृद्ध नगरको आधार भन्ने नाराका साथ नगरपालिकाले आर्थिक सामाजिक विकासको मार्गचित्र निर्धारण गरेको छ। विकास निर्माण र सेवा प्रवाहलाई गुणस्तरीय, दिगो र समावेशी बनाउनका लागि आवश्यक यन्त्र, उपकरण तथा प्रविधिको अबलम्बन गर्ने नीति लिइएको छ। कृषि र पर्यटनको विकासमार्फत रोजगार सिर्जना र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने महत्वाकांक्षी लक्ष्य निर्धारण गरिएको छ। त्यस्तै सामाजिक क्षेत्रका कार्यक्रमहरू नागरिक चेतनाको विकासमार्फत आधुनिक, सभ्य, समतामूलक र विकासप्रेमी समाजको निर्माणमा केन्द्रित रहेका छन्। सामाजिक सुरक्षा प्रणालीलाई दिगो, भरपर्दो र नागरिक जीवनमा अनुभूतियोग्य बनाउन स्थानीय नागरिकको आवश्यकतामा आधारित कार्यक्रमहरू तय गरिएका छन्। यसबाट नगरबासीलाई गरिबी, अशिक्षा, रोग, भोक, कुपोषण, अभाव, पछौटेपनको दुष्चक्रबाट उन्मुक्ति दिलाउँदै उन्नत र समावेशी समाजको निर्माण गर्ने परिकल्पना गरिएको छ। सारमा नागरिकको मन र मस्तिष्कलाई जितेर सुशासन र लोकतन्त्रको सुखद अनुभूति दिलाउनु नै नगरपालिकाको आगामी गन्तब्य र कार्यदिशा हो।

गरिबी, बेरोजगारी, असमानता र पछौटेपन संस्कृति नै विकासको मुलभुत बाधकको रूपमा रहेकोमा मौलिक संस्कृतिको संरक्षण गर्दै आर्थिक सामाजिक रूपान्तरणका लागि उन्नत संस्कृति र प्रविधीको अबलम्वन गरिनेछ। लैङ्गिक समानता र सामाजिक समावेशिकरणको नीति अनुरूप समावेशी लोकतन्त्र र समावेशी विकास अवधारणालाई आगामी नीति तथा कार्यक्रममा समावेश गरेका छौं। परम्परागत कला, संस्कृति, सीप र प्रविधिलाई रोजगारी र आय आर्जनसँग आवद्ध गरी गरिबी न्युनिकरणका लागि पहल गरेका छौं।

कृषि, पर्यटन र पुर्वाधारः समृद्ध नगरको आधार भन्ने मान्यताका साथ कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण, पर्यटन सेवालाई ग्रामीण तहसम्म बिस्तार गर्न पर्यटकीय विकेन्द्रिकरण (Tourism Decentralizaton) एवं दिगो र उत्थानशिल पुर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखेको छौं। नगरको समग्र शैक्षिक गुणस्तर सुधारका लागि नगर शिक्षा विकास कोष लगायतका महत्वकांक्षी नीतिहरू अघि सारेका छौं। उच्च महत्वका रोजगारी सिर्जना, आय आर्जन, पर्यटन प्रवर्द्धन र समृद्धिको खम्बा हुन सक्ने नगरस्तरीय गौरवका योजनाहरूलाई थप प्रभावकारी रूपमा अगाडि बढाउने नीति लिइएको छ।

जोश, जाँगर, सिप र प्रविधीले युक्त भएर पनि पुँजी अभावका कारण स्वरोजगार हुन नसकेका युवाहरूका लागि उद्यम व्यवसाय सञ्चालनका लागि विशेष व्यवस्थासहितको नीति अघि सारेका छौं। शुद्ध बुद्ध ऋषिमन समृद्ध नगर सुखि नगरबासी हाम्रो अभियान भन्ने मान्यतालाई आत्मसात गरी विकास र सेवाप्रवाहलाई स्वच्छ निश्पक्ष पारदर्शी र प्रविधिमैत्री बनाई यस नगरलाई सुशासनको केन्द्र (Centre for Good Governance) को रूपमा विकास गरिने नीति लिइएको छ।

भूपेन्द्र पाण्डेय

प्रमुख प्रशासकीय अधिकृत

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख कार्य तथा उपलब्धिहरू

## १. राजस्व प्रणालीमा सुधार

१.१ नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको राजस्वका अधिकारहरूको कार्यान्वयन मार्फत नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि एवं ब्यापार व्यवसायहरूको दर्ता नवीकरण नियमन र सहजीकरण गरिएको छ। आर्थिक वर्ष ०७८/०७९ र ०७९/०८० मा नगरपालिकाका १३ वटै वडाहरूमा व्यवसाय दर्ता शिविर सञ्चालन गरी ६१७ वटा नयाँ व्यवसायहरू दर्ता भएका छन् । जसबाट नगरपालिकालाई रु. ३० लाख राजस्व रकम संकलन भएको छ।

१.२ वडा कार्यालयबाट हुने नाता प्रमाणित, सिफारिस, सम्पत्ति मूल्यांकन लगायतका कार्यहरूलाई राजस्व प्रणालीसँग आवद्ध गरी राजस्व चुहावट नियन्त्रण गर्न LBPIS सफ्टवेयर जडान गरिएको छ।

१.३ नगरपालिकाको राजश्व चुहावट नियन्त्रण गरी आ.व. ०७७/०७८ मा ९८ लाख रहेको आन्तरिक आम्दानी आ.व.०७८/७९ मा १६५४५७०७ (१ करोड ६६ लाख) पुऱ्याइएको छ।

१.४ लुम्बिनी प्रदेश सुशासन केन्द्रसँग समन्वय गरी लुम्बिनी साँस्कृतिक नगरपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गरिएको छ।

१.५ कर दाताहरूलाई कर तिर्न सजिलोको लागि सबै वडा कार्यालय तथा नगरपालिकाको राजस्व शाखामा QR कोड राखिएको छ।

१.६ करदाताहरूलाइ करप्रति सचेत गराई स्वतःस्फूर्तरूपमा कर तिर्न अभिप्रेरित गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

## २. आवधिक योजना निर्माण

२.१ लुम्बिनी साँस्कृतिक नगरपालिकाको समग्र पूर्वाधार विकास एवं सेवा प्रवाहलाई योजनाबद्ध तरिकाले अगाडी बढाउन, नेपाल सरकार तथा प्रदेश सरकारका योजनासँग नगरपालिकाको विकास योजनाको तादम्यता कायम गर्न एवं दिगो विकास लक्ष्य (SDGs) हरूलाई स्थानीय विकास योजनामा समावेश गर्न लुम्बिनी साँस्कृतिक नगरपालिकाको आवधिक

योजना (०७८/०७९-०८२/०८३) निर्माण भएको छ। विभिन्न वडामा गई वडा भेलामार्फत छनौट भएका योजनाहरूलाई प्राथमिकीकरण गरी नतिजा खाकासहितको आवधिक योजना निर्माणले नगरको समग्र विकास, सुशासन र सेवा प्रवाहलाई गुणस्तरीय र नागरिक मैत्री बनाउने अपेक्षा रहेको छ।

## ३. मध्यमकालीन खर्च संरचना निर्माण

३.१ आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम र बजेट बीचमा सामन्जस्यता कायम गर्नका लागि तथा प्राथमिकता प्राप्त योजनाहरूमा बजेटका सुनिश्चितताका लागि ३ बर्षको खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना (MTEF) निर्माण गरिएको छ।

## ४. बौद्ध दर्शन सम्बन्धि स्थानीय पाठ्यक्रम निर्माण

४.१ लुम्बिनी साँस्कृतिक नगरपालिकामा उच्च नैतिकवान, अनुशासित र असल आचरणयुक्त नागरिक एवं सभ्य र सुसंस्कृत समाज तयार गर्न तथा लुम्बिनी क्षेत्रको ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको बारेमा जानकारी प्रदान गर्न लुम्बिनी क्षेत्रको सम्पदा तथा बौद्ध दर्शन सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ। पाठ्यपुस्तकमा थप परिमार्जन गरी आगामी शैक्षिक सत्रदेखि लागु गर्ने निर्णय भएको छ।

## ५. लोक सेवा तयारी कक्षा सञ्चालन

५.१ लुम्बिनी साँस्कृतिक नगरपालिकाले गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगको संघ, प्रदेश र स्थानीय तहको पाठ्यक्रममा आधारित रहेर विज्ञ प्रशिक्षकहरू मार्फत लोकसेवा तयारी कक्षा सञ्चालन गरेको छ। यसबाट करीब ५०० जना विद्यार्थीहरू लाभान्वित भएका छन् र लोक सेवा आयोगको परीक्षाप्रति जागरुकता समेत बढेको छ।

## ६. बेरुजुमा सुधारः

६.१ बेरुजुको आयतन प्रतिवर्ष कम हुँदै गएको छ। बेरुजु कुल बजेटको १% भन्दा तल रहेको छ। असुल उपर गर्नुपर्ने बेरुजु रकम असुलि गरी नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिएको छ। रूपन्देही जिल्लामा लगातार सबैभन्दा कम बेरुजु आउने नगरपालिकाको सुचीमा रहेको छ भने लुम्बिनी प्रदेशमा कम बेरुजु भएको पाँचौं स्थानमा रहेको छ।

## ७. अनलाईन भुक्तानी प्रणालीको सुरुवात

७.१ नगरपालिकाले आर्थिक वर्ष ०७९/०८० को श्रावण महिनादेखि SuTRA को पूर्ण कार्यान्वयन गरी EFT मार्फत अनलाइन भुक्तानी प्रणालीको सुरुवात गरेको छ। जसले गर्दा Cheque लिन कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ भने सेवाग्राहीको खातामा तुरुन्तै पैसा जम्मा समेत हुने गरेको छ।

## ८. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गरिएको

८.१ कार्यालयको कार्यचाप एवं जनशक्तिको योग्यता र संख्या बीच तादम्यता कायम गर्न तथा जथाभावी आफु अनुकुलका कर्मचारी दरबन्दी भन्दा बढी बिना प्रकृया भर्ना गर्ने कार्यको अन्त्य गर्नका लागि यस नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी नगरसभाबाट स्वीकृत समेत गराएको छ।

## ९. १५ शैय्या अस्पताल निर्माण, १०० शैय्या अस्पताल र बसपार्कका लागि जग्गा प्राप्ति गराउन सफल तथा निर्माणकार्य शुरु (१५ शैय्या)।

९.१ नगरपालिकाले लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ६ तेनुहवामा १५ शैय्याको नगर अस्पताल निर्माणका लागि कित्ता नं.१५९ को १ बिगाहा २ कठ्ठा ८ धुर क्षेत्रफल जग्गा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट प्राप्त गरी १५ शैय्या अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ।

९.२ लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसन सहकार्यमा लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. १० मा १०० शैय्या अस्पताल र लुम्बिनी साँस्कृतिक संग्राहालय निर्माणका लागि कित्ता नं. ४८ को ३ बिगाहा २ कठ्ठा ३ धुर क्षेत्रफलको जग्गा नेपाल सरकारबाट प्राप्त गरी सोको निर्माणका लागि सम्झौता समेत भईसकेको छ।

९.३ लुम्बिनी प्रादेशिक आयुर्वेद चिकित्सालयको आर्थिक तथा प्राविधिक सहयोगमा लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गतको वडा नम्बर १ खुनगाईमा आरोग्य सेवा केन्द्र स्थापना गरि सञ्चालनमा ल्याई सकिएको छ भने खुला व्यायामशाला सञ्चालनका लागि आयुर्वेद विभागसँग समन्वय भईरहेको छ।

९.४ लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. १० साबिक मधुबनी वडा नं.८ कित्ता २९४, क्षेत्रफल ०-१८-१६ मा लुम्बिनी बस पार्क निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भई निर्माणका लागि एसियाली विकास बैंक (ADB) सँग सम्झौताको चरणमा रहेको छ।

९.५ एसियाली विकास बैंक (ADB)को आर्थिक सहयोगमा देहायका आयोजनाहरू निर्माण गर्न सम्झौताको चरणमा रहेको छ।

- Global Park - लु.साँ.न.पा.-वडा नं. १३ वडवलिया
- लुम्बिनी बस पार्क - लु.साँ.न.पा.-वडा नं.१० मधुबनी
- महिलवार चोकदेखि मधुबनी हुँदै महजिदियासम्म कालोपत्रे सडक निर्माण
- पाँच पोखरी सुन्दरीकरणः नोखनिया ताल, आमा पोखरी, कर्बलवा पोखरी, पुर्निहवा पोखरी, पर्सा पूर्व मटखनवा पोखरी
- मुख्य सडकबाट पाँच वटा पोखरी जोड्ने कालोपत्रे सडक निर्माण
- लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासनिक भवन निर्माण

## १०. नागरिक सहायता कक्ष निर्माण

१०.१ सेवा प्रवाहमा सहजीकरण गर्न नागरिक सहायता कक्ष निर्माण गरिएको छ।

## ११. नगरपालिकामा पुस्तकालय निर्माण तथा संचालन

११.१ कार्यालयमा आउने सेवाग्राही तथा नगरपालिकाका कर्मचारी र पदाधिकारीको ज्ञान सिप र क्षमता अभिवृद्धि गर्न एवं पठन संस्कृतिको विकास गर्न विभिन्न धार्मिक, साँस्कृतिक, साहित्यिक, प्रशासनिक तथा अन्य लोकसेवा सम्बन्धि पाठ्यपुस्तक रहेको पुस्तकालय निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

## १२. मासिक रूपमा बुलेटिन प्रकाशनको सुरूवात

१२.१ नगरपालिकाबाट मासिक रूपमा सम्पादन भएका कार्यहरूको सम्बन्धमा आम सर्वसाधारणलाई सुसुचित गराउन मासिक रूपमा बुलेटिन प्रकाशन गर्दै आइरहेको छ।

## १३. ऐन, नियम, कार्यविधि निर्माण

१३.१ यस नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरूलाई नियम कानुन र पद्धतिमा आधारित तुल्याई सुशासन कायम गर्न एवं आम नागरिकलाई सहज र सरल तरिकाले सेवा प्रदान गर्न तथा गुणस्तरीय रूपमा कार्य सम्पादन गर्न आर्थिक वर्ष ०७८/०७९ र ०७९/०८० मा देहायका कानुन र कार्यविधिहरू निर्माण गरिएको छ।

**देहायः**

१. निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०७९

२. स्वयंसेवक शिक्षण व्यवस्थापन कार्यविधि, २०७९

३. नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि, २०७९

४. लुम्बिनी साँस्कृतिक नगरपालिकाको संस्था दर्ता नियमावली, २०७९

५. लुम्बिनी साँस्कृतिक नगरपालिकाको संघसंस्था दर्ता सम्बन्धि ऐन, २०७९

६. लुम्बिनी साँस्कृतिक नगरपालिका बजार अनुगमन निर्देशिका, २०७९

७. लुम्बिनी साँस्कृतिक नगरपालिकाको टेम्पो, अटो र रिक्सा व्यवस्थापन कार्यविधि, २०७९

८. लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७९

९. लुम्बिनी साँस्कृतिक नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९

१०. लुम्बिनी साँस्कृतिक नगरपालिकाको होमस्टे सञ्चालन कार्यविधि, २०७९

११. लुम्बिनी साँस्कृतिक नगरपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०७९

१२. लुम्बिनी साँस्कृतिक नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७८

१३. कर्मचारीको आन्तरिक पर्यटन काज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

१४. लुम्बिनी साँस्कृतिक नगरपालिकाको व्यवसाय दर्ता तथानावीकरण कार्यविधि, २०७८

१५. लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नीति, २०७८

१६. लुम्बिनी साँस्कृतिक नगरपालिकाको जय जनता ब्लड सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

१७. लुम्बिनी साँस्कृतिक नगरपालिकाको मेयर कृषि सिँचाई योजना कार्यान्वयन कार्यविधि, २०७८

१८. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८

१९. लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

## १४. कार्य विवरणसहितको कार्यसम्पादन करार सम्झौता

१४.१ यस नगरपालिकाले विभिन्न शाखा प्रमुख तथा शाखाका कर्मचारीहरूलाई थप जिम्मेवार र जवाफदेही बनाई कार्य सम्पादनलाई नतिजामुखी बनाउन कार्य सम्पादन करार सम्झौता गरेको छ। शाखा प्रमुखहरूलाई स्पष्ट कार्य विवरणसहित अधिकार प्रत्यायोजन गरिएको हुनाले सेवा प्रवाह प्रणालीमा शिघ्रता आएको छ।

## १५. समयमा काम नगर्ने ठेकेदारहरूलाई कारबाही

१५.१ यस नगरपालिकाले समयमा काम नगर्ने ठेकेदार कम्पनी तथा संस्थाहरूलाई बैंक ग्यारेन्टी तथा धरौटी रकम जफत गरी कारबाही गरेको छ भने जरिमाना समेत गरेको छ।

## १६ फोहोर मैला व्यवस्थापन

१६.१ लुम्बिनी साँस्कृतिक नगरपालिकालाई स्वच्छ, सफा र हरित नगरको रूपमा विकास गर्न नगर पालिकाको फोहोरमैला व्यवस्थापन कार्य प्रारम्भ भएको छ।

१६.२ नगरपालिकालाई प्लाष्टिक मुक्त बनाउनका लागि शून्य पोलिथिन अभियान सञ्चालन गर्ने तयारी छ।

## १७. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन

१७.१ यस नगरपालिका अन्तर्गतका खुदाबागर, मसिना र लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्रका लागि एम्बुलेन्स खरीद गरी सञ्चालनको तयारीमा रहेको।

## १८. Gynecologist

१८.१ लुम्बिनी प्राथमकि स्वास्थ्य केन्द्रमा महिनामा दुई वटा स्त्री तथा प्रसुति रोग विशेषज्ञ (Gynecologist) बाट निःशुल्क परीक्षण र उपचारको व्यवस्था मिलाइएको छ।

## १९. नगर शिक्षा विकास कोषको स्थापना

१९.१ लुम्बिनी साँस्कृतिक नगरपालिकामा नगर शिक्षा विकास कोषको स्थापना गरी नगर शिक्षक, विषयगत शिक्षकको व्यवस्थापन, विद्यालयको पूर्वाधार विकासको लागि अनुदान विद्यार्थीको शिक्षण सिकाईमा अभिवृद्धिका लागि अतिरक्त कक्षा सञ्चालन एवं अध्ययन भ्रमणका लागि अनुदान दिने व्यवस्था मिलाइएको छ।

## २०. RMC र ASPHALT प्रविधिको कार्यान्वयन

२०.१ आ.व.०७९/८० देखि नगरपालिका भित्र हुने सडक ढलानका लागि RMC र कालोपत्रे सडक निर्माणका लागि ASPHALT प्रविधि अनिवार्य गरिएको छ।

## २१. प्रयोगशाला (Lab) स्थापना

२१.१ नगरपालिका भित्र हुने पूर्वाधार निर्माणका कार्यहरूको गुणस्तरीयता कायम गर्न र गुणस्तरीयता परीक्षण गर्न प्रयोगशाला (Lab)स्थापना गरिएको छ।

## २२. वृत्तचित्र (Documentry) निर्माण

२२.१ लुम्बिनी साँस्कृतिक नगरपालिकाको पर्यटकीय महत्वका सम्पदाहरूको प्रचारप्रसार, पर्यटन प्रवर्द्धन तथा पर्यटनलाई ग्रामीण तहसम्म विस्तार गरी स्थानीय नागरिकलाई पर्यटकीय लाभ दिलाउन वृत्तचित्र (Documentry) निर्माण गरिएको छ।

## २३. पर्यटन सुचना केन्द्र निर्माण

२३.१ लुम्बिनी साँस्कृतिक नगरपालिका र वरिपरिका पर्यटकीय स्थलहरूको विषयमा जानकारी प्रदान गर्न तथा पर्यटकहरूको बसाई अवधि लम्ब्याउन र लुम्बिनीको राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गर्न लुम्बिनी साँस्कृतिक नगरपालिकाको समन्वय शाखा अन्तर्गत रहने गरी पर्यटन सुचना केन्द्र निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

## २४. सिंचाईका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी

२४.१ कृषि र पर्यटन नै लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक समृद्धिको आधार भएको तर सिँचाई सुविधाको विस्तार गरी कृषि उत्पादनमा वृद्धि र व्यवसायिक खेती प्रणालीको प्रवर्द्धनका लागि तेलार खोला र कोठी नदीबाट सिँचाई सुविधा पुऱ्याउन DPR तयारी भईरहेको छ।

## २५. वडा कार्यालय भवन निर्माण र सञ्चालन

२५.१ लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा नं. २, ५, ७ र १३ को अवरुद्ध रहेको वडा कार्यालय भवन निर्माण सम्पन्न गरी उक्त वडाको प्रशासनिक कार्य वडा भवनबाट सञ्चालनमा आएको छ।

## २६. कर्मचारी प्रोत्साहन भत्ता

२६.१ कर्मचारीलाई कामप्रति उत्प्रेरित र लगनशील बनाई राख्न कार्य सम्पादन सूचकका आधारमा प्रोत्साहन भत्ता दिइएको छ।

## २७. पदपूर्तिका लागि लोकसेवा आयोगमा पठाइएको

२७.१ यस नगरपालिकाको स्वीकृत संगठन संरचना र दरबन्दी विवरण बमोजिम लामो समयदेखि रिक्त विभिन्न तह र सेवा समुहका कर्मचारीहरूको पदपूर्तिका लागि माग आकृति फाराम भरी मुख्य मन्त्री कार्यालय, लुम्बिनी प्रदेशमार्फत लोक सेवा आयोगमा पठाइएको र सोको विज्ञापन भई पदपूर्तिको प्रक्रियामा रहेको छ।

## २८. राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा समन्वय सहकार्य र सम्बन्ध विस्तार (समन्वय शाखा स्थापना)

लुम्बिनीको विकासका लागि लुम्बिनी र नेपालको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार र बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने, पर्यटन प्रवर्द्धन र विकासको लागि लुम्बिनीको राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा अनुभव आदानप्रदान, सहकार्य र संस्थागत सम्बन्ध विस्तार गर्ने उद्देश्य, नीति र योजना अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन कार्यविधि निर्माण गरी कार्य सम्पादन गरिएको।

१) लुम्बिनीको विकासका लागि लुम्बिनी र नेपालको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार र बुद्धको शान्ति सन्देश विश्वभर फैलाउन राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा सहकार्य गर्ने गरिएको।

२) लुम्बिनीको आन्तरिक एवं बाहृय पर्यटन पवर्द्धन र विकासमा सहकार्यका लागि लुम्बिनी साँस्कृतिक नगरपालिका र सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसन सङ्ग संस्थागत रूपमा सम्बन्ध कायम भएका राष्ट्रिय/अन्तर्राष्ट्रिय पालिका एवम् संस्थाहरू।

### २.१ अन्तर्राष्ट्रियस्तरमा

१. भारत- बोधगया, भगिनी सम्बन्ध
२. स्पेन- काथरेस नगरपालिका (Cacsres City Council) भगिनी सम्बन्ध
३. स्पेनः माड्रीड महानगरपालिका-भगिनी/सह-सम्बन्ध
४. चीनः लशान सिटी सह-सम्बन्ध
५. लुम्बिनी गार्डेन फाउण्डेशन स्पेन
६. चुजी फाउण्डेशन

### २.२ राष्ट्रियस्तरमा

**जिल्ला रूपन्देही**

१) लुम्बिनी साँस्कृतिक नगरपालिका
२) देवदह नगरपालिका
३) मायादेवी गाउँपालिका
४) गैडहवा गाउँपालिका
५) लुम्बिनी बौद्ध विश्व विद्यालय लुम्बिनी
६) सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही
७) लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल

**जिल्ला नवलपरासी**

१) रामग्राम नगरपालिका

२) सुनवल नगरपालिका

३) सुस्ता गाउँपालिका

**जिल्ला कपिलवस्तु**

१) कपिलवस्तु नगरपालिका

२) बुद्धभुमी नगरपालिका

३) शुद्धोधन गाउँपालिका

**जिल्ला बागलुङ**

१) बागलुङ नगरपालिका

**जिल्ला पर्वत**

१) कुश्मा नगरपालिका

२) मोदि गाउँपालिका

३) जलजला गाउँपालिका

**म्याग्दी जिल्ला**

१) बेनि नगरपालिका

**चितवन जिल्ला**

१) भरतपुर महानगरपालिका

**जिल्ला पाल्पा**

१) तानसेन नगरपालिका

### २९. पर्यटन प्रवर्द्धन र विकासका लागि लुम्बिनी र नेपालको अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने

बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने लुम्बिनी र नेपालको पर्यटन प्रवर्द्धन र विकास एवम् शिक्षा, स्वास्थ्य, कृषि, सरसफाई वातावरण संरक्षण र खेलकुद लगायतका क्षेत्रको विकासमा अन्तराष्ट्रिय सहयोग र अनुभवको आदाप्रदान गर्ने, अन्तराष्ट्रियस्तरमा संस्थागत सम्बन्ध विस्तार गर्ने उद्देश्यले सहकार्य संस्था लुम्बिनी गार्डेन फाउण्डेशनको सहयोग र सहजिकरणमा लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रयास र पहलमा युरोपस्थित स्पेनको राजधानी माड्रीडमा लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका र सहकार्य पालिकाहरूको सम्पर्क एवम् समन्वय कार्यालय र पर्यटन सुचना केन्द्र स्थापना गरी सञ्चालन गरिएको छ।

### २.३ लुम्बिनी गार्डेन फाउन्डेशन नेपाल

३) लुम्बिनी साँस्कृतिक नगरपालिकाले नेपाल र लुम्बिनीको पर्यटन विकास र लुम्बिनी र बुद्धको शान्ति सन्देश विश्वभर प्रचारप्रसारका लागि लुम्बिनी गार्डेन फाउन्डेसन र लिविन ग्रुप म्यान्मारको पहलमा लुम्बिनी साँस्कृतिक नगरपालिकालाई प्राप्त बहुमुल्य महाकरुणा बुद्धमुर्ती गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा सम्माननिय राष्ट्रपति विद्यादेवी भण्डारीज्युबाट २०७८ कार्तिक १४ गते स्थापना एवम् अनावरण गरिएको।

४) पर्यटनको पर्वद्धन र विकासका लागि पालिका पालिकाबीच संस्थागत सम्बन्ध कायम गरी सहकार्य गर्नुपर्ने। आवश्यकतालाई महसुस गरी सो अनुसार बुद्ध सङ्ग सम्बन्धित नगरपालिकाहरू लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह नगरपालिका, मायादेवी गाउँपालिका र गैडहवा गाउँपालिका रूपन्देही, कपिलवस्तु नगरपालिका, बुद्धभुमी नगरपालिका र शुद्धोधन गाउँपालिका कपिलवस्तु, रामग्राम नगरपालिका, सुनवल नगरपालिका र सुस्ता गाउँपालिका नवलपरासी, बागलुङ नगरपालिका बागलुङ, कुश्मा नगरपालिका र मोदि गाउँपालिका पर्वत, बेनी नगरपालिका म्याग्दी, तानसेन नगरपालिका पाल्पा र भरतपुर महानगरपालिका र चीन लसान City, स्पेन Caceres City, एक्स्त्रेमादुरा प्रदेश, स्पेन माड्रीड महानगरपालिका, भारत बोधगया र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनबीच भगिनी सम्बन्ध एवम् संस्थागत सम्बन्ध कायम गरिसकिएको र आउँदा दिनमा लुम्बिनीको पर्यटन प्रवर्द्धन र प्रचार प्रसारको लागि थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पालिकामा संस्थागत सम्बन्ध कायम गरिने।

५) निजी क्षेत्रको अन्तर्राष्ट्रियस्तरमा संस्थागत सम्बन्ध विस्तार गरी सहयोग र अनुभव आदानप्रदान गर्न लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेशनको पहल र सहजीकरणमा सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही नेपाल र Caceres चेम्बर अफ कमर्स स्पेनबीच भगिनी सम्बन्ध कायम भएको।

६) लुम्बिनी साँस्कृतिक नगरपालिकाको पहलमा लुम्बिनी बौद्ध विश्व विद्यालय नेपाल र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनबीच सहकार्यका लागि भगिनी सम्बन्ध एवम् संस्थागत सम्बन्ध कायम गरिएको।

७) बुद्धसङ्ग सम्बन्धित पालिका एवम् सहकार्य पालिकाहरूका पर्यटकीय एवम् धार्मिक स्थलको राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार र सहकार्य पालिका बीचको संस्थागत सम्बन्ध मजबुत गर्न लुम्बिनी स्मारिका प्रकाशन गरी बिमोचन गरिएको।

८) स्वास्थ्य शिविर सञ्चालनः लुम्बिनी साँस्कृतिक नगरपालिकाको आयोजना, लुम्बिनी गार्डेन फाउन्डेसन र स्पेनिस डा. हरूको सहयोगमा र लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र UCMS भैरहवाको प्राविधिक सहयोगमा लुम्बिनीमा अन्तर्राष्ट्रियस्तरको स्वास्थ्य शिविर सञ्चालन भएको आउँदा दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने।

९) लुम्बिनी साँस्कृतिक नगरपालिकाको पहल र प्रयासमा लुम्बिनी गार्डेन फाउण्डेशनको सहयोगमा लुम्बिनी र नेपालको अन्तर्राष्ट्रियस्तरमा समन्वय, सहकार्य, सहयोग र अनुभवको आदानप्रदानका लागि बुद्धसँग सम्बन्धित लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह नगरपालिका रूपन्देही, कपिलवस्तु नगरपालिका कपिलवस्तु र रामग्राम नगरपालिका नवलपरासी एवं सहकार्य पालिकाका पर्यटकीय स्थलको प्रचारप्रसारका लागि स्पेनको राजधानी Madrid मा सूचना केन्द्र एवम् सम्पर्क कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

१०) **अनुभव र सहयोगको आदानप्रदान गर्न अध्ययन भ्रमण आयोजना गरिएको**

जसमा लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको सहजीकरणमा राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्युको नेतृत्वमा उच्चस्तरीय स्पेन भ्रमण भएको छ। उच्चस्तरीय भ्रमणमा लुम्बिनी साँस्कृतिक नगरपालिकाका तत्कालिन नगर प्रमुख मनमोहन चौधरी, देवदह नगरपालिका नगर प्रमुख हिरा बहादुर खत्री, कपिलवस्तु नगरपालिकाका नगर प्रमुख किरण सिह, रामग्राम नगरपालिकाका नगर प्रमुख नरेन्द्र कुमार गुप्ता, देवदह नगरपालिका उपप्रमुख बिद्यालक्ष्मी गुरुङ्ग, लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद रेग्मी, ससद् सचिवालयका शाखा अधिकृत सपना सापकोटा र लुम्बिनी गार्डेन फाउन्डेसनका बरिष्ठ ईन्जिनियर उज्ज्वल शाक्यको सहभागिता रहेको थियो यस्ता भ्रमण निरन्तरता दिनु पर्ने।

**जसले:**

१) नेपाल र स्पेनको लगायत अन्य देशको सम्बन्ध विस्तार भएको छ र सम्बन्ध थप मजबुत भएको छ।

२) लुम्बिनी र बुद्ध सङ्ग सम्बन्धि पालिकाहरू लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह नगरपालिका रूपन्देही, कपिलवस्तु नगरपालिका कपिलवस्तु र रामग्राम नगरपालिका नवलपरासी लगायत सहकार्य पालिकाहरू र महत्वपूर्ण पर्यटकीय स्थलको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार र बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने अभियानलाई सहयोग पुगेको छ र पुग्नेछ।

३) लुम्बिनी र नेपालको विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न सहयोग पुग्नेछ।

११) शान्ति, पर्यटन प्रवर्द्धन र विकासका लागि खेल भन्ने नाराका साथ सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजना लुम्बिनी साँस्कृतिक नगरपालिका एवं सहकार्य पालिका र एन्फाको समन्वय सहयोगमा मैत्रीपूर्ण फुटबल (Football For Peace & Tourism अन्तर्गत Lumbini Garden Foundation को आयोजना अखिल नेपाल Football संघको समन्वयमा सञ्चालित Gandaki–11, Kathmandu –11 Nepal & PC Cacereno Spain बीचको मैत्रीपूर्ण football) खेल सम्पन्न भएको छ।

**१) २०७९ साल पौष १३ गते पोखरा रङ्गशालामा**

(28th December 2022, Pokhara) राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्युको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको छ।

**२) २०७९ साल पौष १४ गते काठमाडौँको दशरथ रङ्गशालामा**

(29th December 2022, Kathmandu) पुर्व प्रधानमन्त्री एवम् नेकपा एमालेका केन्द्रीय अध्यक्ष श्रद्धेय केपी शर्मा वलीज्युको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको छ।

### ३. सम्माननीय राष्ट्रपति ज्यूसँग भेटघाट

लुम्बिनी गार्डेन फाउण्डेशनका पदाधिकारी, स्पेनीस भ्रमण टिम र Pc Caceres स्पेनका फुटबलका खेलाडीले मिति २०७९ पौष १५ गते सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू सँग राष्ट्रपति भवनमा भेटघाट गरी फुटबल खेलबारे जानकारी गराएको थियो। यस क्रममा सम्माननीय राष्ट्रपतिज्यूले नेपाल र स्पेन बीचको सम्बन्ध, सञ्चालित मैत्रीपूर्ण फुटबल खेलप्रति चासो र खुशी व्यक्त गर्नुभएको थियो र आउँदा दिन निरन्तरता दिनु पर्ने आवश्यकता औंल्याउनु भएको थियो।

■■■